# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, असोज २२ गते, २०७८ साल (संख्या १०

## भाग १

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७८ सालको ऐन नं ३

## आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि लुम्बिनी प्रदेश, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७८/०७९ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७८/०७९ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ५ मा उल्लिखित पुँजीगत खर्चसमेत गरी महल ६ मा उल्लिखित जम्मा रकम रू.४०,९४,९७,६०,०००।- (अक्षरेपी चालिस अर्ब चौरानब्बे करोड सन्तानब्बे लाख साठी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची -२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको

रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम रकमान्तर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकमान्तर गर्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एक भन्दा बढी अनुदान संख्यामा रकम रकमान्तर गर्न, निकासा तथा खर्च लेख्न र चालु तथा पुँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षक तर्फ विनियोजित रकम चालु खर्च शिर्षकमा रकमान्तर गर्न सकिने छैन।

(ग) खण्ड (ख) र अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोभिड-१९ को महामारीको कारण प्रदेशमा स्वास्थ्य आपतकालको परिस्थिति सिर्जना भएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कामका लागि पुँजीगत खर्च तर्फ विनियोजित

रकमलाई चालु खर्च तर्फ रकमान्तर गर्न सक्नेछ।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकम रकमान्तर तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः</u> (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रूपमा सम्बन्धित स्थानीय तहको स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला हुने गरी प्रत्येक आर्थिक वर्षको भाद्र, कार्तिक, माघ र वैशाख महिनामा चार समान किस्तामा दाखिला गर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकममध्ये सशर्त, समपूरक र विशेष अनुदानको रकम चार किस्तामा आर्थिक मामिला तथा सहकारी मन्त्रालयको निर्देशन बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद् वा अन्य कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजश्व संकलन हुन नसकेमा वा नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँटको रकम परिवर्तन भएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले अनुदानको सीमा पुनःनिर्धारण गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिमको अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय र आर्थिक मामिला तथा सहकारी मन्त्रालयमा कार्तिक, माघ, वैशाख महिनाको ७ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको भदौ ७ गतेभित्र बुझाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएमा उपदफा (३) बमोजिमको अनुदानको बाँकी रकम रोक्का राख्न सकिनेछ।

(७) स्थानीय तहले उपदफा (३) बमोजिमको अनुदानवापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमानसहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित सभाले पारित गरेको राजश्व र व्ययको अनुमान साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(८) उपदफा (३) बमोजिमको अनुदान रकममध्ये आर्थिक वर्षभित्र खर्च नभई बचत भएको रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमार्फत सोही आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश संचित कोषमा फिर्ता दाखिला गर्नु

पर्नेछ।कुनै मनासिव कारणले उक्त अवधिभित्र रकम फिर्ता गर्न नसकिएमा आगामी आर्थिक वर्षको साउन मसान्तभित्र फिर्ता गरिसक्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको निर्देशन बमोजिम आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदानबाट कट्टा गरी समायोजन गर्न सक्नेछ।

५. **आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था** : (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमतिमा स्थानीय तहले कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

(२) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै आयोजना स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो आयोजना प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा सहकारी

मन्त्रालयको सहमतिमा त्यस्तो आयोजना वा कार्यक्रम जिल्ला समन्वय समितिले कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको निर्णयको जानकारी महालेखा परीक्षकको कार्यालय, सम्वन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित स्थानीय तह, सम्बन्धित जिल्ला समन्वय समिति र प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(५) उपदफा (१) र (३) बमोजिम स्थानीय तह र सम्वन्धित जिल्ला समन्वय समितिले कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी त्यस्तो स्थानीय तह तथा जिल्ला समन्वय समितिलाई प्रदेश निकायको रूपमा कार्यालय कोड दिई प्रदेशको एकल खाता कोष प्रणालीमार्फत रकम निकासा दिनु पर्नेछ।

(६) उपदफा (२) बमोजिम स्थानीय तहको आयोजना प्रदेश सरकारको सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सो निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको खातामा जम्मा भएको रकममध्ये आर्थिक वर्षको अन्तसम्म खर्च नभई बाँकी रहेको रकम सम्वन्धित स्थानीय तहको सञ्चितकोषमा फिर्ता गर्नुपर्नेछ।

(८) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको पुँजीगत तर्फको कुनै आयोजना तथा कार्यक्रम नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको

सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्वन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको निर्णयको जानकारी महालेखा परीक्षकको कार्यालय, नेपाल सरकारको सम्वन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम नेपाल सरकारको कुनै निकायबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णयको जानकारी प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेश निकायको रूपमा कार्यालय कोड दिई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पि.एल.एम.बि.आइ.एस.) मा प्रविष्ट गरी आयोजना तथा कार्यक्रममा विनियोजित बजेट प्रदेशको एकल खाता कोष प्रणालीमार्फत रकम निकासा दिनु पर्नेछ।

६. <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण सम्वन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा खर्च गर्ने निकायले रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी, आर्थिक विवरण प्रमाणित गराई आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणित आर्थिक विवरण र लेखा परीक्षण प्रतिवेदन शुरू विनियोजन भएको तहमा समेत पठाउनु पर्नेछ।

७. **<u>वित्तीय अनुशासन सम्वन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहले प्रदेश सरकारमार्फत प्राप्त गरेको अनुदान स्थानीय तहको कानून बमोजिम खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले कानून बनाउँदा देहायका विषय पालना हुने गरी बनाउनु पर्नेछः-

(क) प्रदेश सरकारको आर्थिक र वित्तीय कानून तथा नीतिको विपरित नहुने,

(ख) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(ग) पुँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(घ) कुनै आयोजना तथा कार्यक्रमका लागि विनियोजन भएको रकम खण्डीकरण गरी अन्य आयोजना तथा कार्यक्रममा खर्च गर्न नपाइने,

(ङ)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा प्रचलित कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्नुपर्ने।

८. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्वन्धी व्यवस्थाः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायमार्फत खर्च गर्ने गरी रकम विनियोजन भएकोमा सो निकायको प्रमुखले २०७८ साल कार्तिक मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा सहकारी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

तर विनियोजन भएको उक्त रकम कुनै मनासिव कारणले सो समयावधिभित्र बाँडफाँट गर्न नसकेमा त्यस्तो विनियोजन भएको निकायको प्रमुखले सोको कारण खुलाई सम्वत् २०७८ साल मंसिर १५ गतेभित्र बाँडफाँटको लागि अनुरोध गरेमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले सम्वत् २०७८ साल मंसिर मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पि.एल.एम.वि.आइ.एस.) मा विस्तृत रूपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

तर प्रशासनिक खर्च वाहेक प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रूपमा क्रियाकलाप उल्लेख नभएको कार्यक्रमको हकमा विस्तृत क्रियाकलाप खुलाई कार्तिक मसान्तभित्र सम्बन्धित मन्त्रालयबाट

स्वीकृत गराई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरी आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लेखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी सशर्त, समपूरक र विशेष अनुदान बाहेक सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

(क) एकै बजेट उपशीर्षकभित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप-घट गर्ने गरी कार्यक्रम संशोधन,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ को अधीनमा रही उही बजेट उपशीर्षकभित्र एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा थप हुने खर्च शीर्षकको शुरू विनियोजनको पन्ध्र प्रतिशतसम्मको रकमान्तर,

(ग) एकभन्दा बढी निकायमा रहेको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नुपर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्वन्धित प्रदेश

लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट रकम रोक्का गरेको पत्र लिई, क्रियाकलाप परिवर्तन नगरी र कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा सहकारी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

९. **<u>निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्ने:</u>** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि कार्यविधि वनाउन आवश्यक पर्ने देखिएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमति लिई प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले कार्यविधि बनाउन सक्नेछ र त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेभसाइटमा राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(४) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्वन्धमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

१०. **बाधा अड्काउ फुकाउने**: यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

११. **बचाउः** प्रदेश विनियोजन अध्यादेश, २०७८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

१२. **प्रदेश विनियोजन अध्यादेश, २०७८ खारेज भएपछि त्यसको परिणामः** प्रदेश विनियोजन अध्यादेश, २०७८ खारेज भएपछि अर्को अभिप्राय नदेखिएमा सो खारेजीले:-

(क) सो अध्यादेश खारेज हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र सो अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि सुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।

## अनुसूची-१

## (दफा २ सँग सम्बन्धित)

## नेपालको संविधान बमोजिम

## प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम

**रू. हजारमा**

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु** | **पुँजीगत** | **जम्मा** |
| १ | २०२ | प्रदेश सभा | ५४६१ | ० | ५४६१ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ३४७९ | ० | ३४७९ |
| ३ | ६०२ | आर्थिक मामिला तथा सहकारी मन्त्रालय - फैसला वा आदेश बमोजिम तिर्नुपर्ने रकम | १००० | ० | १००० |
| **जम्मा** | | | ९९४० | ० | ९९४० |

# अनुसूची-२

## (दफा २ र ३ सँग सम्बन्धित)

## प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम

**रू. हजारमा**

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु | पुँजीगत | जम्मा |
| १ | २०२ | प्रदेश सभा | १८९६५३ | ६४९६१ | २५४६१४ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ४९७९८ | १२५० | ५१०४८ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ता | ११४४० | ३०० | ११७४० |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५३१३८३ | २२८०० | ५५४१८३ |
| ५ | ३०५ | आर्थिक मामिला तथा सहकारी मन्त्रालय | २९१८१८ | २१५२० | ३१३३३८ |
| ६ | ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३२७६८१ | ९२५०० | ४२०१८१ |
| ७ | ३०८ | उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | २३४३७४ | ३३९४४०० | ३६२८७७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ३११ | कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | २६८१९७ | ३४२९१० | ६१११०७ |
| ९ | ३१२ | कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय | ३१५९०१४ | २४४०७१ | ३४०३०८५ |
| १० | ३१४ | आन्तरिक मामिला तथा संचार मन्त्रालय | २६७७५८ | ४०४७५० | ६७२५०८ |
| ११ | ३२९ | वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | ८६०८०१ | १००६७४३ | १८६७५४४ |
| १२ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १७०३८२ | ८९२७४०० | ९०९७७८२ |
| १३ | ३४७ | पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय | ३२२९८५ | ५६४४३८६ | ५९६७३७१ |
| १४ | ३५० | शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय | १९३३२२९ | ८१४८३० | २७४८०५९ |
| १५ | ३७० | स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय | २९८९१०१ | ११०९३२८ | ४०९८४२९ |
| १६ | ३७१ | श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | २३०८६२ | १०९८५० | ३४०७१२ |
| १७ | ३९१ | प्रदेश योजना आयोग | २५०८८ | १३६०० | ३८६८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | ६०२ | आर्थिक मामिला तथा सहकारी मन्त्रालय - विविध | १७७२२०६ | २५५९९५ | २०२८२०१ |
| १९ | ८०१ | स्थानीय तह समानीकरण अनुदान | ७०००००० | ० | ७०००००० |
| २० | ८०१ | स्थानीय तह सशर्त अनुदान | १२८७३९६ | ० | १२८७३९६ |
| २१ | ८०१ | स्थानीय तह समपुरक अनुदान | १८५५००० | ० | १८५५००० |
| २२ | ८०१ | स्थानीय तह विशेष अनुदान | १०००००० | ० | १०००००० |
| जम्मा | | | १८४७८१६६ | २२४७१५९४ | ४०९४९७६० |

प्रमाणीकरण मितिः २०७८/०६/२२

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**